Gmail

**Press Council Nepal Media Monitoring <pcnmediamonitoring@gmail.com>**

---

# Sir namaskaar. This is my humble request to let him know to atleast remove my uniform photo and justify all the allegations

1 message

---

**Nirmal Paneru** <nirmalpaneru2046@gmail.com>
To: pcnmediamonitoring@gmail.com

Sun, Mar 22, 2026 at 1:14 PM

मिति : २०८२ चैत्र ०८ गते

दर्ता नं. ३०५५
मिति २०८२।१२।९
बुझ्नेको सही

श्री प्रमुखज्यू,
प्रेस काउन्सिल नेपाल
संचारग्राम, काठमाडौँ ।

विषय : झुठा विवरण उल्लेख गरि समाचार लेख्ने उपर कारबाही गरी पाउँ ।

समाजको सर्वाङ्गिन विकास र सामाजिक न्याय तथा परिवर्तनको सन्दर्भमा संचार माध्यम र संचारकर्मीको अहम भूमिका रहने कुरा प्रष्ट छ । संचार माध्यममा प्रकाशन तथा प्रसारण भएका सूचनाको प्रभाव सदैव सत्य, विश्वसनीय तथा तथ्यमा आधारित हुन्छ भन्नेमा हामी अझै सम्म पनि विश्वस्त छौ । देशका कुना-कन्दरामा बसेका जनता समक्ष सूचनाको सरल र सर्वसुलभ पहुँच स्थापित गर्ने कार्यमा समेत संचार क्षेत्रको उल्लेखनीय योगदान छ । राज्यको चौथो अङ्गको रुपमा हेरिएको संचार क्षेत्र र संचारकर्मीहरुसँग मित्रवत सम्बन्ध स्थापित गर्दै नागरिक सेवामा सहकार्य गर्दै रहेकोमा मिति २०८२ चैत्र ६ गते www.janarakshya.com नामक एक अनलाईनमा 'डिएसपी पनेरुका कारण डुङ्डुङ्ती गन्हाउँदै प्रहरी परिसर काठमाडौं' (https://janarakshya.com/archives/117132) शिर्षक राखेर रंगिन कलेबरमा मेरो समेत नाम र फोटो संलग्न राखी प्रकाशित समाचार बिल्कुलै गलत, आधारहिन, मनगढ्न्ते र तथ्यको भ्रष्टीकरण रहेकाले यसले मेरो व्यक्तिगत चरित्र साथै पेशागत आचरणको सम्बन्धमा समेत आम नागरिक बीच गलत सन्देश प्रवाह भएकाले यो निवेदन लेख्न बाध्य भएको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

उक्त अनलाईनमा मेरो व्यक्तिगत तथा व्यवसायिक जीवनमा समेत नकारात्मक प्रभाव पार्ने, आम जनमानसमा नकारात्मक सन्देश प्रवाह गर्ने र मेरो चरित्रहत्या गर्ने उद्देश्यले समाचार लेखनको सिद्धान्त विपरित कपोकल्पित झुठा विवरण समावेश गरि सुनियोजित रुपमा प्रकाशन गरिएको समाचारको सम्बन्धमा प्रेस काउन्सिल नेपाल र संचार माध्यमसँग सम्बन्धित सबैको ध्यानाकर्षण होस् भन्ने अपेक्षा राखेको छु।

तथ्य र आधारहिन विषयको उक्त समाचार सम्बन्धमा प्रकाशन गृहले समेत उल्लेखित विषयवस्तुको सत्य, तथ्य र वास्तविकता साथै स्रोतको परिक्षण समेत नगरी एकतर्फी रुपमा प्रकाशन गरेको हुँदा मेरो आत्मसम्मान, इज्जत, प्रतिष्ठा साथै व्यवसायिक तथा सामाजिक जीवनमा समेत आँच पुर्याएको छ।

समाचारमा लेखिए अनुसार, 'इन्सपेक्टर हुँदा दम्भले भरिएका प्रधानमन्त्री केपी ओलीको पिएसओ बसेका निर्मल पनेरुले त्यस बखत पनि प्रधानमन्त्रीको नाम बेच्दै राम्रै आर्थिक नजरना लुँड्याएको उनी निकट जानकारहरुले बताउँदै आएका छन्। प्रधानमन्त्री ओलीको गुलामी पछि नेपाल प्रहरीका काविल अफिसरहरुलाई पछि पार्दै पनेरु डिएसपी बन्न सफल भए। डिएसपीमा बढुवा भए लगत्तै तत्कालीन प्रधानमन्त्री केपी ओलीको ठाडो आदेसमा काठमाडौं प्रहरी परिसरको मालदार अड्डाको रुपमा चिनिने बैंकिंग कसुर शाखा हत्याउन सफल भए।तत्कालीन समयमा काठमाडौं प्रहरी प्रमुख थिए एसएसपी विश्व अधिकारी ।देशको बदलिँदो राजनीतिक घटनाक्रम सँगै व्यस्त तत्कालीन एसएसपी विश्व अधिकारीको आँखामा छारो हाल्दै कमाउ धन्दामा व्यस्त देखिन्थे डिएसपी निर्मल पनेरु । बैकिङ्ग कसुर शाखाका प्रमुख पनेरु र उनका सहयोगी इन्सपेक्टर द्वय कुशल कुमार वर्तौला र भानुभक्त अर्यालको टिमको खेलोमेलोले हिमाल चढेको त्यस बखत प्रहरी परिसर काठमाडौंमा चर्चाको विषय बनेको थियो।' को विवरण पुष्टि हुने आधारहरु के के हुन्, यसलाई पुष्टि गर्नका लागि म सम्बन्धित संचार माध्यमहरुलाई चुनौती दिन चाहन्छु ।

मेडिकल माफिया दुर्गा प्रसाँइको गत चैत १५ गतेको आन्दोलन र भदौको जेनजी आन्दोलनको सुरक्षामा अहोरात्र सडकमा खटिएका तत्कालीन एसएसपी विश्व अधिकारी फनफनी घुमाउँदै आएका पनेरुको हर्कत एक व्यापारीसँग हिमालयन जाभामा डिलिङ्गकै अबस्थामा भेटिएपछि छताछुल्ल भएको थियो। समाचारमा उल्लेख यो विवरण स-प्रमाण प्रमाणित गर्न अनुरोध गर्दछु ।

समाचार कपोलकल्पित र भ्रामक त छदैछ, किन्तु यो सुरक्षा ब्यवस्था र जनताको मनोवैज्ञानिक भरोषामाथि नै प्रहार गर्ने कोणबाट आएकोले घातक र आम रूपमै सम्बेदनशील पनि छ । झट्ट हेर्दा म स्वयमलाई आश्चर्य बनाउने कथानक बुनिएको भए पनि समाचारको प्रारम्भमै गरिएको आम प्रहरी फोर्स नै खराब हुन्छ भन्ने भाष्यबाट `समाचार सिर्जना´ को बदनियतलाई बुझ्न कुनै कठिनाई पर्दैन ।

समाचार सिर्जनाको यो अङ्शलाई पुन: अध्ययन गरौं -

'प्रहरी परिसर सोर्तका अनुसार "किलो" एकको व्यस्त कार्यतालिकाबीच शाखामा भइरहेको गतिविधिबारे पर्याप्त निगरानी हुन नसक्दा पनेरु

व्यापार गर्दै आएका एक व्यापारीले व्यापारको सिलसिलामा भरत प्रसाद सँग एक करोड रुपैयाँ ऋण लिएकोमा मिटर व्याज सहित करिव १० करोड रुपैयाँ बुझाई सकेको पिडितले रुँदै जनरक्षा लाई बताएका छन ।मिटर व्याजी भरत प्रसादले डिएसपी पनेरुको सल्लाहमा काठमाडौंको सिडियोलाइ समेत गुमराहमा राख्दै शान्ति सुरक्षाको नाममा उठौति पुठौति धन्दा चलाएको बुझिएको छ।' यो कुनै अमुक पात्र र घटनाको विशिष्ट बिश्लेषण हैन, उक्त मिडियाको नेपाल प्रहरीलाई बुझ्ने आम निष्कर्ष अर्थात सिद्धान्त हो । के यस्तै हो त सत्य ? के यस्तै हो त राज्यको चौथो अङ्ग ठानिएको आम पत्रकारिताको पनि निश्कर्ष ? पत्रकारिता जस्तो संवेदनशील क्षेत्रमा काम गर्नेले संस्थालाई नै खराब सावित गर्न कुनै कथा बनाउनु मेरो लागि मात्र हैन, सबैको लागि दु:खद आश्चर्यको विषय हो ।

यसरी कथित समाचारको आधारमा सुरक्षा अङ्गलाई नै खराब सिद्ध गर्न खोज्नुले सम्बन्धित मिडियाले जान-अञ्जान समाजका खराब तत्वलाई नै त प्रोत्साहित गरिरहेको छैन ? भन्ने प्रश्न उठ्नु स्वभाविक हो । तथापि एक जिम्मेवार अधिकारीको रूपमा मैले उक्त मिडियाको असावधानी र कफल्लापनको उपज भनेर नै लिनु पर्दछ ।

समाचारमा म मात्र नभएर सिंगो प्रहरी संगठन माथि नै प्रश्न उठाईएको छ । सरकारले दिएको तलब-भत्ता खाएर आफ्नो कार्यक्षेत्रमा खट्ने प्रहरी माथिको यो दाग प्रमाणित नभए उक्त संचार माध्यमले यो आरोपको दाग कसरी मेट्न सक्छ ? कतै प्रहरीहरु नै ठगि कार्यमा संलग्न छन् भन्ने मानकलाई जबर्जस्ती संस्थागत गरि मिटरब्याजीहरुलाई प्रोत्साहन गर्ने किञ्चित उद्देश्यले त यो समाचार प्रकाशित भएको हैन ? यो समाचार पुष्टि नहुँदा हजारौं जनाले शेयर गरेको समाचारले आम जनमानसको प्रहरी संगठन, शान्ती-व्यवस्था र समग्र राज्य प्रणाली माथि कस्तो धारणा बन्छ ? अपुष्ट समाचारले समाजको मनोविज्ञान नै आपराधिक क्रियाकलाप तर्फ धकेल्न मद्धत गर्छ कि गर्दैन ? राज्यको चौथो अङ्गले अर्को एउटा संगठनको बदनाम गर्ने उद्देश्यमा प्रेरित हुनु कतिको न्यायोचित छ ?

अत: सम्बन्धित सञ्चार माध्यमलाई उक्त झुटा र आधारहीन समाचार तत्काल हटाउन, सार्वजनिक रूपमा क्षमायाचना गरि खण्डन प्रकाशित गर्न तथा भविष्यमा यस्ता गैरजिम्मेवार सामग्री प्रकाशन नगर्न अनुरोध गर्दछु। साथै प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग लगायत सम्बन्धित नियामक निकायहरूलाई यस विषयमा तुरुन्त छानबिन गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न जोडदार माग गर्दछौं।

यदि यस्ता झुटा, भ्रामक तथा चरित्रहत्या गर्ने सामग्री सच्याइएन भने सम्बन्धित व्यक्तिहरू कानुनी उपचार खोज्न बाध्य हुने स्पष्ट पार्दछु।

निवेदक,
निर्मल पनेरु